*सबैका लागि सम्पूर्ण अधिकार : समृद्ध नेपालको मुख्य आधार*

**राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्यायमञ्च नेपाल**

**(मानवअधिकार एलाइन्स) द्वारा आयोजित मानवअधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनबाट जारिभएको**

# नेपालगञ्ज घोषणा-पत्र

नेपालको संविधान कार्यान्वयनको शुरूवाति चरणमा सम्पन्न भएको स्थानीय, प्रदेश तथा संघीय तहका निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत आशा गरिएको समृद्धि हाँसिल हुनेमा विस्वस्त हुँदै, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको समृद्धिको अभियानमा क्रियाशील रहने अठोट गर्दै, नेपालको संविधानले प्रत्याभूत गरेका आधारभूत अधिकारहरूको संरक्षण र प्रबर्द्धन गर्न पहलकदमी गर्दै, संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति एवम् नागरिक स्वतन्त्रता प्रति अविच्छिन्न रूपमा प्रतिबद्ध रहँदै, राष्ट्रिय स्वाधिनता र स्वाभिमानको जगेर्ना गर्ने प्रण गर्दै यो सम्मेलन तपसिल अनुसार आव्हान तथा घोषणा गर्दछ :

**<u>यो परिषद्,</u>**

१. नेपालले अनुमोदन गरेका मानवअधिकार सम्वन्धी अन्तर्राय सन्धिहरूमा भएका प्रावधानहरूलाई मध्यनजर गरेर कानुनमार्फत तिनको स्थानीयकरण र कार्यान्वयनमा जोड दिन तथा संविधानले निर्दिष्ट गरेका मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यक कानून, नीति तथा कार्ययोजनाहरू अविलम्व निर्माण गर्न माग गर्दछ ।

२. निर्वाचन मार्फत अस्वीकृत भइसकेको सरकारले मुलुकलाई आर्थिक र सामाजिक रूपमा दीर्घकालीन असर गर्ने गरी गरेका सबै निर्णयहरूको अविलम्व खारेजी गर्न यो सम्मेलन भइरहेकै बेला निर्माण भएको निर्वाचन मार्फत जनताले अनुमोदन गरेको सरकार समक्ष माग गर्दछ ।

३. हालैका दिनमा अनपेक्षित रूपमा बढ्दो प्रधानन्यायधीश प्रकरणको उचित निकास दिन र सम्मानित सर्वोच्च अदालतबाट भएका देशलाई दीर्घकालीन असर पुग्ने प्रकारका निर्णयहरूको अविलम्व खारेजीको माग गर्दछ ।

४. प्रदेश नं. २ मा जवरजस्ती रूपमा आयातित भाषा लाद्ने कार्य भएको सन्दर्भमा हाम्रो गम्भीर ध्यानाकर्षण भएकोछ । यस प्रदेशमा परापूर्वकालदेखि स्थापित मैथिली, भोजपुरी जस्ता राष्ट्रिय भाषाहरूलाई प्रदेश स्तरको सरकारी कामकाजको भाषा बनाउन जोडदार माग गर्दछ ।

५. नियोजित ढङ्गबाट भएको सीमा अतिक्रमण, सीमाक्षेत्रमा अन्तराष्ट्रिय कानुन विपरित बाटोघाटो निर्माणको यो सम्मेलन घोर भर्त्सना गर्दछ ।

६. सरकारले जथाभावी रूपमा शहीद घोषणा गर्ने कार्य अत्यन्त खेदजनक रहेको सम्मेलनको ठहर रहेको छ । यसले सङ्क्रमणकालीन न्यायको उलङ्घनमात्र होइन अत्यन्तै आपतिजनक र दण्डहीनतालाई थप प्रश्रय दिने सम्मेलनको ठहर रहेको छ ।

७. स्वतन्त्रताको अवधारणासहित संविधानतः स्थापित नागरिक सङ्गठनहरूको भूमिकालाई सङ्कुचन गर्ने कार्य तत्काल बन्द गर्न, क्रियाशील सामाजिक सङ्घ/संस्थाहरूको भूमिका व्यवस्थित गर्नका लागि नागरिक सङ्गठनमैत्री समाज विकास ऐन जारी गर्न र सो ऐनमार्फत समाज कल्याण परिषद्को वर्तमान सङ्गठन, संरचना र भूमिकाको पुनर्संरचना गर्न नेपाल सरकार समक्ष जोडदार आग्रह गर्दछ ।

८. जनवकालत र पैरवी गर्ने संघसंस्थाहरूलाई ६०, ४० (अहिले ७०, ३० भइरहेको) को अनुपातमा खर्च गर्ने भन्ने प्रावधानले संविधानको मौलिक हकमा भएको प्रावधानको उलङ्घन हुने भएकाले नागरिक

र सामाजिक क्षेत्रमा आवद्ध अभियन्ता र कर्मचारीको पेशागत र सामाजिक सुरक्षाको समेत ध्यानमा राखी यस्ता उल्झनहरूलाई तुरून्त हटाउन माग गर्दछ ।

९. देशमा व्याप्त गरीवी तथा आर्थिक असमानता बढेर गएको सम्बन्धमा तथा खाद्यअधिकार मौलिक अधिकारको रूपमा प्रत्याभूत गरिएको यथार्थलाई मनन् गर्दै खाद्य अधिकारसहित आर्थिक, सामाजिक तथा सांस्कृतिकअधिकार विकासको अधिकारको प्रमुख आधार भएको तथ्य मनन् गर्दै प्रस्तावित खाद्यअधिकार विधेयकलाई ऐनको रूपमा पारित गर्न जोडदार माग गर्दछ । यसैगरी प्रदेश र स्थानीय तहमा पनि यसको प्रभावकारी कार्यान्वयनका लागि आवस्यक संयन्त्र निर्माण गर्दै खाद्यअधिकारबाट वञ्चित रहेका जनता, महिला, दलित, सिमान्तिकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदुरपश्चिमक्षेत्रको गरीबीलाई तुरून्त सम्वोधन गर्न माग गर्दछ ।

१०. हालैका दिनमा अनपेक्षित रूपमा बढ्दै गएको महिला हिंसा, महिलामाथि हुने शारिरीक तथा मानसिक शोषण, सांस्कृतिक शोषण, बेचबिखन, छाउपडी, यौन शोषण, यौन हिंसा, दाइजो, बालबिबाह, कार्यस्थलमा हुने हिंसा, भ्रुण हत्या जस्ता घटनाहरूमा भएका बढोत्तरिलाई रोक्न सरकारले शून्य सहनशीलताको मान्यताका आधारमा अविलम्व कार्य गर्न माग गर्दछ ।

११. मानवअधिकार सम्बन्धी पेरिस घोषणा, महिला र बालबालिकाको संरक्षणका लागि जारि भएको पाल्यार्मो प्रोटोकल, बालअधिकार महासन्धीको तेस्रो ऐक्षिक आलेख, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि महासन्धीको ऐच्छिक आलेखको अनुमोदन एवं युवा, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय संकल्प प्रस्ताव २२५० लाई कार्ययोजना बनाई कार्यान्वयन गर्न नेपाल सरकार समक्ष माग गर्दछ ।

१२. यो सम्मेलन स्थानीय, प्रदेश तथा संघीय हरेक तहका संरचनाहरू महिला, बाल, युवा, अपांगता तथा ज्येष्ठ नागरिकमैत्री बनाउने कार्यमा विशेष प्राथमिकता दिन जोडदार माग गर्दछ ।

१३. लामो समयदेखि जनताले व्यग्रताका साथ अपेक्षा गरेको समृद्धिको मुख्य आधार बनेको गुणस्तरीय शिक्षा, स्वस्थ्य, बाटोघाटो, बत्ती, तथा स्वच्छ खानेपानीको आपूर्ति लगायतका पूर्वाधारहरूको प्रत्याभूति गर्न जोडदार माग गर्दछ ।

१४. स्थानीय, प्रदेश तथा संघीय तहका सबै निर्वाचित जनप्रतिनिधिहरूलाई यो सम्मेलन हार्दिक वधाई ज्ञापन गर्दछ र उहाँहरूको सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछ ।

१५. यो सम्मेलन आज नै नियुक्ति हनुभएका देशका नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीलाई वधाई ज्ञापन गर्दै उहाँको कार्यकालमा यस सम्मेलनले औंल्यएका मुद्धाहरूको सम्वोधन हुने अपेक्षा सहित कार्यकाल सफलताको हार्दिक कामना गर्दछ ।

१६. सम्मेलनमा समय दिएर भाग लिनु भएका प्रमुख अतिथि, अतिथिहरू, मानवअधिकार एलाइन्सका सल्लाहाकारहरु, परिषद् सदस्यहरू, परिषदको आयोजना गर्ने मानव अधिकार एलाइन्सका प्रदेश ५ र ६ का पदाधिकारी तथा सदस्यहरु, बाँके जिल्ला शाखालगायत सम्मेलनलाई सफल बनाउन प्रत्यक्ष अप्रत्यक्ष योगदान पुऱ्याउने व्यक्ति एवम् संस्थाहरुलाई हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछ ।

२०७४ फागुन ३ गते

नेपालगञ्ज